# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ७३ | काठमाडौं | बिहीबार, २० असार २०८१ | Prabhab National Daily | Thursday, July 04, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## रास्वपा विवाद छताछुल्ल



पार्टी बैठकमा उहाँ एकदमै असहज, अस्वाभाविक र अप्राकृतिक रूपमा प्रस्तुत हुनुभयो । उहाँको व्यवहार मैले चिनेको मुकुल ढकाल रहेन । हामीले गर्ने स्नेह र सम्मानलाई उहाँले सामूहिकरूपमा नै लत्याउनुभयो ।

■ **डा. स्वर्णिम वाग्ले**
उपसभापति

अहिले नै धेरै कुरा नभनौं तर मलाई बैठकमा बोल कि बोल भनेर बैठकमा ह्यारेस गरियो जबकि म बोल्दिनँ भनेर मुखमा टेप टाँसेर बसेको थिएँ ।

■ **डा. मुकुल ढकाल**
महामन्त्री

- महामन्त्री डा. मुकुल ढकाल मुखमा कालो टेप बाँधेर बैठकमा सहभागी
- पार्टी बैठकमा आफूमाथि दुर्व्यवहार भएको आरोप
- अनुशासन उल्लंघन गरेको आरोपमा महामन्त्री ढकालमाथि कारबाही तयारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गम्भीर विवादमा फसेको छ । महामन्त्री डा. मुकुल ढकालले हालै सभापति रवि लामिछानेलाई बुझाएको समीक्षा प्रतिवेदनमाथिको छलफलका लागि बुधबार आह्वान गरिएको केन्द्रीय समिति बैठकमा विवाद छताछुल्ल भयो । विवादबीच महामन्त्री डा. ढकालमाथि कारबाही हुने भएको छ । उनलाई पार्टीबाट बर्खास्त गर्ने तयारी रहेको सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले बताए ।

पार्टी अनुशासनभन्दा बाहिर रहेर बोलेको भन्दै रास्वपाले ढकाललाई कारबाही गर्न लागेको हो । जसका लागि पार्टी सभापतिसहितका शीर्ष नेताहरूबीच छलफल भइरहेको छ । पार्टी अनुशासन आयोगको सिफारिसमा केन्द्रीय समिति बैठकबाट महामन्त्री ढकाललाई कारबाही गर्ने तयारी रास्वपाले गरेको हो । 'पार्टी बैठकबाट निस्किएपछि उहाँले पार्टी हितविपरीत झनै धेर बोल्नुभयो,' बुर्लाकोटीले भने, 'अनुशासन आयोगले अब कारबाही नगरी हुँदैन भन्ने निष्कर्ष निकालेको छ ।'

पार्टी उपसभापति डा. स्वर्णिम वाग्लेले पार्टीको जारी केन्द्रीय समिति बैठकमा महामन्त्री डा. ढकाल असामान्य तरिकाबाट प्रस्तुत भएको बताएका छन् । महामन्त्रीको व्यवहार र शैलीले उनले लेखेको प्रतिवेदनसमेत ओझेलमा परेको वाग्लेले टिप्पणी गरे । उनका अनुसार बैठक 'लाइभ' नगर्ने भनेर सतप्रतिशत केन्द्रीय सदस्यले भनेपछि महामन्त्रीले त्यसलाई स्वाभाविकरूपमा नलिएको बताए । 'पार्टी बैठकमा उहाँ एकदमै असहज, अस्वाभाविक र अप्राकृतिक रूपमा प्रस्तुत हुनुभयो । उहाँको व्यवहार मैले चिनेको मुकुल ढकाल रहेन,' उनले सञ्चारकर्मीसँग भने, 'हामीले गर्ने स्नेह र सम्मानलाई उहाँले सामूहिकरूपमा नै लत्याउनुभयो ।'

महामन्त्री ढकालले भने पार्टी बैठकमा आफूमाथि दुर्व्यवहार भएको आरोप लगाएका छन् । यसबारे थप पछि खुलाउने बताए । 'तपाईंहरूलाई पछि धेरै कुराहरू बताउँला । अहिले नै धेरै कुरा नभनौं तर मलाई बैठकमा बोल कि बोल भनेर बैठकमा ह्यारेस गरियो जबकि म बोल्दिनँ भनेर मुखमा टेप टाँसेर बसेको थिएँ,' उनले भने ।

(क्रमशः पृष्ठ २ मा)

# दिनगन्तीमा प्रधानमन्त्री दाहाल



सत्ता सहयात्री कुनै दलले समर्थन फिर्ता लिएर सरकारबाट अलग भयो भन्दैमा डराउनुपर्ने केही छैन, प्रधानमन्त्रीले विश्वासको मतका लागि ३० दिनभित्रमा प्रस्ताव राख्न सक्छन् । त्यसतर्फ अघि बढ्ने प्रधानमन्त्रीको चाहना छ ।

■ **लिलामणि पोखरेल**
सचिव, माओवादी केन्द्र



प्रधानमन्त्रीसँग बहुमत छैन । नहुँदा नहुँदै पनि उहाँ पदमा रहिरहनु भनेको सत्तामोह मात्रै हो । उहाँले विश्वासको मत पाउनुहुन्न । तर, कुर्सी ओगटेर बस्नु राजनीतिक नैतिकता होइन ।

■ **डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रमुख सत्तारुढ दल नेकपा एमाले प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएको छ । एमाले सरकारबाट बाहिरिएसँगै प्रधानमन्त्री दाहाल अल्पमतमा परेका छन् । उनी नेतृत्वको सरकारको दिनगन्ती सुरु भएको छ । अबको ३० दिनभित्र दाहालले संसद्मा विश्वासको मत लिनुपर्छ । नलिए उनी स्वतः पदमुक्त हुने छन् । दाहालले विश्वासको मत नलिइकन राजीनामा दिएर कांग्रेस-एमाले नेतृत्वमा सरकार गठनका लागि मार्गप्रशस्त गर्न सक्छन् । तर, माओवादी केन्द्रका सचिव लिलामणि पोखरेल प्रधानमन्त्री दाहालले संवैधानिक व्यवस्थाअनुसार सदनबाट विश्वासको मत परीक्षण गर्ने बताए ।

'सत्ता सहयात्री कुनै दलले समर्थन फिर्ता लिएर सरकारबाट अलग भयो भन्दैमा डराउनुपर्ने केही छैन, प्रधानमन्त्रीले विश्वासको मतका लागि ३० दिनभित्रमा प्रस्ताव राख्न सक्छन्,' उनले प्रभावसँग भने, 'त्यसतर्फ अघि बढ्ने प्रधानमन्त्रीको चाहना छ ।'

एमाले सचिवालय बैठकले प्रधानमन्त्री दाहाललाई मंगलबार नै राजीनामा दिन २४ घण्टे समयसीमा दिएको थियो । उक्त अवधिमा राजीनामा नदिए मन्त्रीहरूलाई सरकारबाट फिर्ता बोलाउने निर्णय गरेको थियो । एमालेले गरेको आग्रहअनुसार प्रधानमन्त्री दाहालले राजीनामा दिएनन् । नदिएपछि बुधबार एमालेले मन्त्रीहरूलाई फिर्ता बोलाएको छ ।

साँझ राजीनामापत्र लिएर अध्यक्ष केपी शर्मा ओली निवास बालकोटबाट उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, कृषिमन्त्री ज्वालाकुमारी साह, भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, उद्योगमन्त्री दामोदर भण्डारी, महिलामन्त्री भगवती चौधरी, खानेपानीमन्त्री राजेन्द्र राई र रक्षामन्त्री हरिप्रसाद उप्रेती प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार गए । त्यहाँ सामूहिकरूपमा उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री महासेठले प्रधानमन्त्री दाहालसामु राजीनामा बुझाए । यससँगै सरकारबाट एमाले बाहिरिएको हो ।



- एमालेको समर्थन फिर्ता, एमालेका मन्त्रीहरूद्वारा सामूहिक राजीनामा
- एमालेको समर्थन फिर्तापछि प्रधानमन्त्री दाहाल अल्पमतमा
- संसद्मा ३० दिनभित्रमा विश्वासको मत लिनुपर्ने
- दाहाल सरकार संकटमा तर विश्वासको मत लिने दृढता

बुधबार दिउँसो नै कांग्रेसले पनि प्रधानमन्त्री दाहाललाई राजीनामा दिन आग्रह गरेको छ । बहुमत गुमाइसक्दा पनि प्रधानमन्त्री पदमा बसिरहनु सत्तालिप्सा मात्रै हुने कांग्रेसले जनाएको छ । पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले बहुमत गुमेपछि राजीनामा दिनुको विकल्प प्रधानमन्त्री दाहालसँग नभएको बताएका छन् ।

'बहुमत उहाँ (दाहाल)को छैन । नहुँदा नहुँदै पनि उहाँ पदमा रहिरहनु भनेको सत्तामोह मात्रै हो । उहाँले विश्वासको मत पाउनुहुन्न,' उनले सञ्चारकर्मीहरूसँग भने, 'तर, कुर्सी ओगटेर बस्नु राजनीतिक नैतिकता होइन ।' संसद्को दोस्रो ठूलो दल एमालेले पहिलो दल कांग्रेससँग मिलेर राष्ट्रिय सहमतिको सरकारको नेतृत्व गर्न लागेको छ । कांग्रेस र एमालेबीच सोमबार राति आलोपालो सरकारको नेतृत्व गर्ने सहमतिसहित गठबन्धन गर्ने सहमति भएको थियो ।

सहमतिअनुसार एमाले अध्यक्ष केपी शर्मा ओली पहिलो चरणमा प्रधानमन्त्री हुने छन् । उनको कार्यकाल डेढ वर्ष हुने भनिएको छ । त्यही भएर आफ्नै नेतृत्वमा नयाँ सरकार गठन हुने निश्चित गर्दै ओलीले मन्त्रीहरूलाई बुधबार साँझ बालकोटस्थित निवासमा बोलाएर राजीनामा दिन भनेका थिए । लगत्तै मन्त्रीहरूले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेर राजीनामा बुझाएका हुन् । वर्तमान सरकारमा एमालेबाट आठ जना मन्त्री थिए ।

(क्रमशः पृष्ठ २ मा)

## प्रतिपक्षी कित्तामा माओवादी

नेकपा माओवादी केन्द्र नौ वर्षपछि संसद्को विपक्षी दल बन्ने भएको छ । कांग्रेस-एमालेबीच हुने भएको सत्ता सहकार्यले अब माओवादीलाई विपक्षी कित्तामा उभ्याउने निश्चित भएको हो ।

माओवादी पछिल्लोपटक ३ असोज २०७२ मा संविधान जारी भएको बखत प्रतिपक्षी हैसियतमा थियो । त्यसबेला कांग्रेस-एमालेको संयुक्त सरकार थियो । त्यसपछि भने माओवादी लगातार सरकारमा छ । संविधान जारी भएको केही महिनामै एमाले-माओवादी सरकार बन्यो । दुई दल रहेको सरकारले नै आलोपाचोमा पहिलोपटक स्थानीय, प्रदेश र संघको चुनाव गऱ्यो । प्रदेश र संघको चुनावका लागि भने दुई दल सत्ताका लागि मात्रै नभई चुनावी गठबन्धनमा पनि संलग्न भए ।

अन्ततः चुनावपछि अभूतपूर्व जनमत पाएसँगै एकता गरी नेपाल कम्युनिस्ट पार्टी बनाउँदै सरकार गठन गरे । जुन नेकपा साढे तीन वर्ष टिक्यो । जतिबेला ओली नेतृत्वको नेकपा सरकार थियो । पछि २८ असार २०७८ मा सर्वोच्चबाट परमादेश जारी भयो र कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भयो । त्यसबेला पनि माओवादी सरकारमा थियो । त्यसपछि २०७९ को पुस १० देखि भने माओवादी अध्यक्ष दाहाल नेतृत्वकै सरकार हालसम्म छ । यसरी माओवादी लगातार सरकारमा नौ वर्षदेखि छ । अब भने माओवादी विपक्षी कित्तामा पुग्ने निश्चित भएको छ । किनभने कांग्रेस-एमाले सत्ता सहकार्य हुने समझदारी भइसकेको छ । दाहाल नेतृत्वको सरकार पनि एमालेले बुधबार समर्थन फिर्ता लिएसँगै संकटमा परेको छ । यी विकसित घटनाक्रमले माओवादीलाई अब प्रतिपक्षी बेञ्चमा पुऱ्याउने देखिएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

### 'फ्रि भिसा, फ्रि टिकट' को लफडा

## व्यवसायीसँग विभागले माग्यो कामदार पठाएको विवरण

### विभागको आदेश नमान्न संघको 'सर्कुलर'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीहरूसँग चालु आर्थिक वर्ष २०८०/८१ मा 'फ्रि भिसा, फ्रि टिकट'मा कामदार पठाएको विवरण मागेको छ । वैदेशिक रोजगारमा कामदार पठाउँदा फ्रि भिसा, फ्रि टिकटको प्रावधानबमोजिम के कति पठाइएको हो, त्यसको लिखित विवरण १५ दिनभित्र पेस गर्न म्यानपावर कम्पनीहरूलाई विभागले निर्देशन दिएको हो ।

विभागले कामदार पठाएको मुलुक, रोजगारदाता संस्था, कामदारको नाम र नेपालमै हुँदाको सम्पर्क नम्बर, काम र तोकिएको तलबसहित विवरण बुझाउनुपर्ने उल्लेख गरेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले भने विभागको कदमप्रति विरोध जनाएको छ । विभागले फ्रि भिसा, फ्रि टिकटको विवरण माग गर्नु व्यवसायीलाई दुःख दिने नियतबाहेक अरू केही नभएको संघको भनाइ छ । विभागबाट फ्रि भिसा, फ्रि टिकटको विवरण माग भएपछि संघले आफ्ना सदस्य व्यवसायीहरूलाई उक्त विवरण नबुझाउन सर्कुलर जारी गरेको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'विभाग आफैं के गर्ने भन्नेमा रनभुल्ल छ, विवरण माग गर्नुको कुनै औचित्य छैन,' उनले भने, 'कुन म्यानपावरले कुन देशमा कति फ्रिमा पठायो, कतिले पैसा लिए त्यो सबै विभागसँग रेकर्ड छ, हामीलाई चाहिँदा विभागले रेकर्ड दिनुपर्नेमा उल्टै हामीसँग विवरण माग गर्नु ताण्डवमात्रै हो ।'




फ्रि भिसा, फ्रि टिकटको सन्दर्भमा व्यवसायीलाई कुनै पनि विवरण नबुझाउन जानकारी दिइसकेको महासचिव भुर्तेलले बताए । उनका अनुसार व्यवसायीले यसबाहेक वार्षिक विवरण भने बुझाउने छन् । प्रत्येक आर्थिक वर्षमा म्यानपावरको नवीकरणका साथै वार्षिक विवरण बुझाउनुपर्ने व्यवस्था भएकाले व्यवसायीले वार्षिक विवरण बुझाउने भुर्तेलले बताए । वर्षभरि भए गरेका कार्य प्रगतिलाई समेटेर वार्षिक विवरण बुझाउनुपर्ने उनको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)

## विदेशबाट आइपिओ भर्ने अवसर

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारमा रहेका नेपालीहरूले रिलायन्स स्पिनिङ मिल्सको प्राथमिक सेयर (आइपिओ) भर्न पाउने भएका छन् । वैदेशिक रोजगारमा रहेकाहरूले यही असार २७ देखि निष्कासन हुने आइपिओ भर्न पाउने कम्पनीले जनाएको छ ।

कूल ११ लाख ५५ हजार ९६० कित्ता साधारण सेयरको १० प्रतिशतले हुन आउने एक लाख १५ हजार ५९६ कित्ता सेयर वैदेशिक रोजगारी रहेका नेपालीहरूको लागि छुटचाइएको छ । आइपिओ भर्न चाहने व्यक्तिले साउन १० गतेसम्म आवेदन दिन सक्ने बताइएको छ । 'बुक बिल्डिङ' प्रणालीबाट जारी हुने आइपिओको मूल्य प्रतिकित्ता ८२० रूपैयाँ ८० पैसा पर्ने छ । न्यूनतम ५० देखि अधिकतम २० हजार कित्तासम्म आइपिओ भर्न सकिने छ ।

कम्पनीले कूल जारी पुँजी एक अर्ब ९० करोड रूपैयाँको १०.१४ प्रतिशतले हुन आउने १९ करोड २६ लाख ६० हजार बराबरको १९ लाख २६ हजार ६०० कित्ता सेयर मात्रै सर्वसाधारण समूहमा निष्कासन गर्न लागेको हो । सो सर्वसाधारण समूहबाट ४० प्रतिशत अर्थात् सात लाख ७० हजार ६४० कित्ता सेयर संस्थागत लगानीकर्ताले पाएका छन् । बाँकी ६० प्रतिशत अर्थात् ११ लाख ५५ हजार ९६० कित्ता सेयर आमसर्वसाधारण, वैदेशिक रोजगारीमा रहेका र प्रभावित स्थानीयका लागि जारी हुने छ ।


**तु-आवश्यकता**




यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. DOCUMENTATION-2 (F)**

नोटः should be Bachelor running/Passed, डक्युमेंटेशन डिपार्टमा कम्ती मा २ बर्ष को अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलब: २०००० - ३००००/-**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9
Phone No. +977-01-5900437, 9851144106
Website: www.earthsmart-nepal.com
Email : earthsmartnepal1050@gmail.com
श्रम इजाजत नं. १०५०/०७३/०७४

# काखीमुनि प्वाल पारेर मुटुको भल्ब परिवर्तन

**काठमाडौं (प्रस)–** मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा नेपालमै पहिलोपटक काखीमुनि सानो प्वाल पारेर मुटुको कृत्रिम भल्ब परिवर्तन गरिएको छ । सेन्टरका कार्डियो तथा भास्कुलर विभागका प्रमुख डा. अनिल भट्टराईको नेतृत्वमा पोखराकी एक ५३ वर्षीया महिलाको काखीमुनि सानो प्वाल पारेर (मिनिमल इनाभासिभ कार्डिया सर्जरी प्रविधि) माइट्रल भल्ब परिवर्तन गरिएको हो । डा. अनिल भट्टराईले एक साताअघि मुटुको भल्ब परिवर्तन गरिएको बिरामीको अवस्था सामान्य रहेको जानकारी दिए । यसअघि छाती चिरेर मुटुको भल्ब परिवर्तन गरिँदै आएको थियो ।

'अलि जटिल खालको शल्यक्रिया हो तर हामीसँग सबै उपकरण थियो र सजिलै शल्यक्रिया गरेर माइट्रल भल्ब परिवर्तन गऱ्यौं,' उनले भने, 'हामीले केही दिन बिरामीलाई राखेर 'डिस्चार्ज'समेत गरिसकेका छौं ।' उक्त कृत्रिम भल्ब अमेरिकाबाट ल्याइएको थियो ।

डा. भट्टराईले इटालीबाट आफूले उक्त प्रविधिबाट मुटुको भल्ब परिवर्तन गर्नेबारे अध्ययन गरेर आएको बताए । मुटुमा चारवटा भल्ब हुन्छन् । तीमध्ये बिरामीको माइट्रल भल्ब बिग्रेपछि नयाँ भल्ब हालिएको हो । 'छाती चिर्नुभन्दा काखीमा सानो प्वाल बनाएर गरिने शल्यक्रियाले बिरामीलाई धेरै सहज हुन्छ,' उनले भने, 'ठूलो घाउ हुँदैन । रगत पनि धेरै बग्दैन । चाँडै सञ्चो हुन्छ र बिरामी घर पनि चाँडै जान्छन् ।'

उनका अनुसार उक्त प्रविधिबाट भल्ब परिवर्तन गर्न भारतमा २४ लाख रूपैयाँ लाग्छ । मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरले उक्त प्रविधिबाट भल्ब परिवर्तन गर्न सात लाख रूपैयाँ लाग्ने जनाएको छ ।

पृष्ठ १ बाट क्रमश:

## दिनगन्तीमा प्रधानमन्त्री...

संविधानको धारा ६८ (२) अनुसार सरकार बनाउन आवश्यक बहुमत जुटिसकेको दुवै दलको भनाइ छ । यसले गर्दा दाहाललाई पदबाट राजीनामा दिएर मार्गप्रशस्त गर्न दुवै दलले दबाब दिएका छन् । यहीबेला बहुमत दलहरूले नयाँ सरकार गठनको प्रस्ताव लिएर राष्ट्रपति कार्यालय पुगेमा प्रधानमन्त्रीको रूपमा नयाँ व्यक्तिलाई राष्ट्रपतिले नियुक्ति दिन मिल्छ कि मिल्दैन ? प्रश्न उठेको छ । यसबारे संवैधानिक कानुनका जानकारहरूको मत एउटै पाइएको छ ।

वरिष्ठ अधिवक्ता डा. विपीन अधिकारी पहिले प्रधानमन्त्रीले राजीनामा दिएपछि मात्रै प्रधानमन्त्री नियुक्तिको प्रक्रिया अघि बढ्ने बताउँछन् । 'नयाँ प्रधानमन्त्री नियुक्तिका लागि पहिला प्रधानमन्त्रीको पद रिक्त हुनुपर्छ । त्यसका लागि संविधानमा केही अवस्था प्रस्टरूपमा उल्लेख गरिएको छ,' उनले भने, 'त्यो बाहेक बाहिर गएर राष्ट्रपतिले नयाँ प्रधानमन्त्री नियुक्त गर्न सक्नुहुन्न । कानुनी आधार छैन ।'

अर्का वरिष्ठ अधिवक्ता एवं संविधानविद् टीकाराम भट्टराईले पनि नयाँ प्रधानमन्त्री नियुक्तिका लागि प्रधानमन्त्रीको पद रिक्त हुनुपर्ने बताए । पद रिक्त नभई बहुमत रहेको दाबीसहित सरकार गठनको प्रक्रिया अघि बढाउन संवैधानिकरूपमा नमिल्ने उनको भनाइ छ ।

'विश्वासको मत लिन्छु भन्ने र ३० दिनसम्म सरकारलाई निरन्तरता दिने प्रयास गर्ने अधिकार संविधानले प्रधानमन्त्रीलाई दिएको सुविधा हो । यो विपरीत गर्नु परिपक्व संसदीय अभ्यास हुँदैन,' भट्टराईले भने, 'नयाँ प्रधानमन्त्री बनाउन पहिला पद रिक्त हुनुपर्छ ।' उनका अनुसार प्रधानमन्त्रीको रिक्तता राजीनामा दिएको वा विश्वासको मत प्राप्त नगरेको भनेर संसद्बाट प्रमाणित हुँदाको स्थितिमा हुन्छ । अन्यथा: हुँदैन । तर, संसद्मा प्रस्ट रूपमा आफ्नो बहुमत गुमाइसकेपछि पदमा बसिरहन्छु भन्नु संसदीय मूल्य र मान्यताको विपरीत हुने उनको भनाइ छ । प्रधानमन्त्री दाहालको हकमा पनि यो कुरा लागू हुने उनले बताए ।

## रास्वपा विवाद...

साथै, उनले आफूलाई कारबाही गर्न पनि धेरै प्रक्रिया हुने भन्दै अहिले आफूले हेर्ने मात्रै बताए । उनले पार्टीका दुई जना उपसभापतिहरू डोलप्रसाद अर्याल (डिपी) र डा. स्वर्णिम वाग्लेले महामन्त्री नमान्ने भनेको भन्दै रोष प्रकट गरे ।

पत्रकारहरूसँगको संक्षिप्त कुराकानीका क्रममा उनले सभापतिसमेत रहेका गृहमन्त्री रवि लामिछानेले नेपाल प्रहरीको सरुवा र बढुवामा प्रहरी महानिरीक्षक बसन्त कुँवरलाई 'डमी' बनाएको टिप्पणी गरे । 'एआइजी बढुवा गर्दा एक दिनकोलाई पनि बढुवा गरिएको छ । डिएसपीदेखि साराको बढुवामा आइजीलाई डमी आइजीको रूपमा प्रयोग गर्नुभएको छ,' उनले भने । सभापति लामिछाने कस्ता नेता हुन् ? थप बुझ्नपरे आइजिपी कुँवर र गृहसचिव एकनारायण ढकाललाई सोध्न सकिने उनले बताए ।

महामन्त्री ढकाल भने पार्टी बैठकमा जवाफ नदिइकन बाहिरिएका थिए । उनले पार्टी सुधारका लागि पहल गर्दा समस्या सिर्जना गरिएको गुनासो गरे । 'पार्टी महामन्त्रीलाई सबै दोष थुपार्दै गर्दाखेरि सभापतिको नैतिक उत्तर के हुन्छ ? ढकालले भने, 'गोर्खा मिडिया नेटवर्कमा महामन्त्रीको पोजिसनमा हुनुहुन्थ्यो (प्रबन्ध निर्देशक रवि) त्यहाँ चाहिँ सभापति अर्थात् अध्यक्ष जिबी राईको गल्ती ? निर्णय सबै थाहा हुन्छ र पार्टी सभापति हुनुहुन्छ अनि महामन्त्रीको गल्ती ? उहाँ जुन पदमा हुनुहुन्छ त्यो पदले कहिले गल्ती गर्दैन भन्ने हुन्छ ?'

ढकाल दुई साताअघि पार्टीको समीक्षाका लागि देशका विभिन्न जिल्ला पुगेर फर्किएका नेता हुन् । यसबीचमा उनले सभापति लामिछानेलाई समीक्षा प्रतिवेदन बुझाएका छन् । तर, प्रतिवेदन बुझाउनुभन्दा पहिले नै सञ्चारमाध्यमहरूमा प्रतिवेदनका सारांश आए । जहाँ उनले पार्टीले 'बोल्ड निर्णय' नलिने हो भने गम्भीर संकटमा फसेको उल्लेख गरेका थिए । पार्टीले २०८४ सालको चुनावमा दुई/चार सिट मात्रै जित्ने प्रक्षेपण गरेका थिए । र, आफूलाई पार्टीबाट घोक्रेठ्याक लगाएर निष्काशन गर्न सक्ने औंल्याएका थिए ।

## व्यवसायीसँग विभागले...

'वार्षिक विवरण बुझाउनेबाहेक अन्य बखेडा निकाल्ने विषयमा व्यवसायीले केही गर्दैनन् भन्ने विभागलाई जानकारी दिइएको छ,' उनले भने, 'औचित्यहीन र कुनै आधार नभएको कुरामा व्यवसायीलाई दुःख दिने काम नहोस्, असार मसान्तपछि कार्यप्रगति विवरण बुझाउँछौं, त्यसबाहेक विभिन्न सूचना जारी गरेर आतंकित पार्ने काम गर्नु भएन भनेर विभागलाई स्पष्टरूपमा जानकारी गराएका छौं ।' विवरण नबुझाएमा कारबाही हुनसक्नेप्रति सचेत रहेको भन्दै भुर्तेलले आधारहीन कुरालाई लिएर कारबाही हुन नसक्ने बताए । 'एक हजार म्यानपावर छन्, कतिलाई कारबाही गर्ने ?,' उनले प्रश्न गरे ।

यता विभागका महानिर्देशक डण्डुराज घिमिरेले आर्थिक वर्षको अन्त्यसँगै कुन संस्थाले कति कामदार फ्रि भिसा, फ्रि टिकटमा पठाए भनेर विवरण संकलन गर्नु सरकारको दायित्व भएको बताए । 'विभागले व्यवसायीसँग भएको र गरेको रेकर्ड माग गरेको मात्रै हो,' उनले भने, 'अप्ठ्यारै पार्ने गरी र घाँटी न्याक्ने गरी विभागले केही गरेको छैन, साँचो विवरण पठाउन गाह्रो मान्नुपर्ने कारण देखिँदैन ।' राम्रो र सफेद काम गर्नेलाई कुनै असर नगर्ने भन्दै महानिर्देशक घिमिरेले विवरण पठाउँदैनौं भन्नुले व्यवसायीको नियतमाथि शंका गर्ने ठाउँ रहेको बताए । यद्यपि विवरण नपठाउनेमाथि कुनै कारबाही हुने नहुनेबारे उनले खुलाएनन् ।


## साइप्रसमा रोजगार

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY शहर: Limassol
पूर्व स्वीकृत मिति: २०८१/०३/१९ चलानी नं.: ६०२२१८७६ LT. No.: 307197

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 15 | 5 | स. काममा दक्ष | 1000 | १४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY शहर: Limassol
पूर्व स्वीकृत मिति: २०८१/०३/१९ चलानी नं.: ६०२२१८७५ LT. No.: 307196

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 10 | 10 | स. काममा दक्ष | 1000 | १४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY शहर: Limassol
पूर्व स्वीकृत मिति: २०८१/०२/२७ चलानी नं.: ६०२२०७७१ LT. No.: 306045 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 15 | 5 | स. काममा दक्ष | 750 | १०७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY शहर: Limassol
पूर्व स्वीकृत मिति: २०८१/०२/२७ चलानी नं.: ६०२२०७७० LT. No.: 306044 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 20 | स. काममा दक्ष | 700 | १००,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY शहर: Limassol
पूर्व स्वीकृत मिति: २०८१/०२/२७ चलानी नं.: ६०२२०७७२ LT. No.: 306046 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 15 | स. काममा दक्ष | 700 | १००,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।

"Candidates with relevant work experience and strong English proficiency are encouraged to apply." Priority for Overseas Experience !

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ८०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

LANGTANG OVERSEAS PVT. LTD. ISO 9001:2015 Govt. Lic. No.:1643/080/081
LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-03, Kathmandu Nepal. Tel No: 014971229, 015903078, 015903079
info@langtangoverseas.com www.langtangoverseas.com
9707312439 | 9810319676 | 9851358932 | 9851354196 | 9761841219


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७७/०९/१३ मा संस्थापना भएको **युरोलिंक एजुकेशन हव** (प्रा.लि.नं. २५१३८९) नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१८ को निर्णयाअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अधिकृत वारेशनामा बदर गरिएको बारेको सूचना

लिखितम् जिल्ला रूपन्देही सि.नं.पा. वडा नं.४ बस्ने चौधरी मुसलमानको नाति गुलामहैदर कुजडाको छोरा वर्ष ४९ को ना.प्र.प.नं. २/२६२५ जारी मिति २०५१/१०/१५ म नवी मोहमद कुजडाका नाममा दर्ता कायम रहेको जिल्ला रूपन्देही साविक भुजौली गा.वि.स. वडा नं.७ ग कि.नं. २८८ को जग्गा सम्बन्धमा मालपोत कार्यालय भैरहवा रूपन्देहीको मिति २०७९/२/१७ को निर्णय उपर श्री रूपन्देही जिल्ला अदालत तथा अन्य जुनसुकै अड्डा अदालतमा फिराद, प्रतिउत्तर, निवेदन, रीट निवेदन-समेतको आवश्यक काम कारवाही गर्नको लागि म भारतमा रोजगारी गरी बस्ने भएको हुँदा मेरो सट्टामा कानुनले अधिकृत वारेस अख्तियारनामाको कागज गरी दिन मिल्ने शिवलाल भट्टराईको नाती लालमणि भट्टराईको छोरा जिल्ला अर्घाखाँचि अर्घा गा.वि.स. परिवर्तित सन्धिखर्क न.पा. वडा नं.२ बस्ने जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीबाट मिति २०३९/०९/०७ मा ना.प्र.प.नं. ४०१४१७९/२९६२/४७५/१०९६ को वर्ष ६१ को चुडा मणि भट्टराईलाइ मिति २०७९/२/२० गतेका दिनमा रूपन्देही जिल्ला अदालतमा म स्वयम उपस्थित भइ लेखिदिएको अधिकृत वारेशनामा आजैका मितिदेखि बदर गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराउँदछु । साथै आजका मितिसम्म उल्लेखित जग्गासँग सम्बन्धित मुद्दाका सन्दर्भमा अन्य कोही कसैलाइ वारेस नियुक्त नगरेको व्यहोरा समेत जानकारी गराउँछु ।

**नवी मोहम्मद कुजडा**
**सि.न.पा. ४, रुपन्देही**
**इति सम्बत २०८१ साल आषाढ महिना १७ गने रोज २ मा शुभम्**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२०**

यस शिब सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान ३२८ को ८६९.६६ घ.फि. गोलिया काठ तथा सिसौ जातको १.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री शिब सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-१ डल्ला बर्दिया**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VICTORIA BEAUTY SALON COMPANY FOR WOMEN'S BEAUTY
पूर्व स्वीकृति मिति २०८०/०७/२० पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/१९ LT. No. 294806 चलानी नं.६०२०९८७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure / Pedicure / Hairdresser / Beautician | 0 | 19 | 140 | ६०,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : KUWAIT ARAB NEW LADIES BEAUTY SALON CO
पूर्व स्वीकृति मिति २०८०/०२/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/१९ LT. No. 287304 चलानी नं. ६०२०२६३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician Assistance / Beautician / Salon Worker | 0 | 10 | 160 | ६९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser / Helper | 0 | 10 | 160 | ६९,५१५ | | | | | | | |
| 3 | Nail Technician/manicure/pedicure | 0 | 10 | 160 | ६९,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २७ गते (11th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARATCO ARABIA CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८१/03/१९ LT. No. 307175 चलानी नं. ६०२२१८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २७ गते (11th July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RELIANCE Reliance Recruitment Services Pvt. Ltd. श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: GREEN COAST FERTILLIZER COMPANY LIMITED IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०८१/०३/१८ LT. No. 307087 चलानी नं. ६०२२१८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 6 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी: MAWARID RIYADA CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८१/०३/१८ LT. No. 307089 चलानी नं. ६०२२१८२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 20 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २७ गते (11th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL NOOR OVERSEAS श्रम ईजाजत नं. १०८८/०७३/०७४
Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MENASA AL MIMAR CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८१/03/१९ LT. No. 307115 चलानी नं. ६०२२१८५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 7 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २७ गते (11th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD
पूर्व स्वीकृति मिति २०८१/०३/१८ LT. No. 307069 चलानी नं. ६०२२१७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mix Worker | 25 | 0 | 1500 | ५३,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Furniture Assembler | 30 | 0 | 1500 | ५३,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २६ गते (10th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 307069 मिति: २०८१/०३/१९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## आई ई फुड एण्ड वेभेरेज उद्योग प्रा.लि.

झरुवारासी- १३ ललितपुर

Mates Premium

## मूल्य सूची सम्बन्धी सूचना

MATES CELEBRATION TOGETHER

यस **आई ई फुड एण्ड वेभेरेज उद्योग प्रा. लि.** द्वारा उत्पादित निम्न उल्लेखित ब्राण्डहरु नेपाल अधिराज्यभर मिति २०८१/०३/२० गते देखि लागु हुने गरी निम्न बमोजिम मूल्यमा बिक्री वितरण गरिने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

| Brand Name | A/C% | ML | ND | Margin | RD | Margin | Distributor Price | Margin | W/S | Margin | Retail | Margin | MRP | MRP/ btl |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेट्स प्रिमियम रेड/व्हाइट Mates Premium Sweet Red/White | 11.50% | 750 | 6995.00 | 480.00 | 7475.00 | 405.00 | 7880.00 | 505.00 | 8385.00 | 415.00 | 8800.00 | 980.00 | 9780.00 | 815 |
| मेट्स रेड/व्हाइट Mates Regular Wine sweet Red/White | 11.50% | 750 | 6760.00 | 403.00 | 7163.00 | 335.00 | 7498.00 | 428.00 | 7926.00 | 379.00 | 8305.00 | 755.00 | 9060.00 | 755 |
| मेट्स प्रिमियम रेड/व्हाइट Mates Premium Sweet Red/White | 11.50% | 4lt | 10894.00 | 749.00 | 11643.00 | 572.00 | 12215.00 | 721.00 | 12936.00 | 446.00 | 13382.00 | 1318.00 | 14700.00 | 3675 |
| मेट्स रेड/व्हाइट Mates Regular Wine sweet Red/White | 11.50% | 4lt | 10772.00 | 740.00 | 11512.00 | 566.00 | 12078.00 | 594.00 | 12672.00 | 437.00 | 13109.00 | 1291.00 | 14400.00 | 3600 |

# नेपालमा पहिलोपटक एआईको प्रयोगसम्बन्धी अवधारणापत्र तयार

**काठमाडौं–** सरकारले पहिलोपटक आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग तथा अभ्याससम्बन्धी अवधारणापत्र तयार गरेको छ । विश्वव्यापीरूपमा एआईको विकास र प्रयोग बढ्दै गए पनि नेपालमा कुनै नीति र कानुन नभएकाले यससम्बन्धी आवश्यक नीति र कानुन निर्माणको आधार तय गर्न सरकारले अवधारणापत्र तयार गरेको हो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गठन गरेको प्राविधिक समितिले झण्डै पाँच महिना लामो अध्ययनपछि अवधारणापत्र तयार गरेको हो । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको निर्देशानुसार मन्त्रालयले सहसचिव अनिलकुमार दत्तको संयोजकत्वमा पाँच सदस्यीय प्राविधिक समिति गठन गरेको थियो ।

समितिका सदस्य मन्त्रालयका उपसचिव नारायण तिमिल्सिना, सूचना प्रविधि विभागका सूचना प्रविधि निर्देशक पवित्र डंगोल, इञ्जिनियरिङ अध्ययन संस्थानका उपप्राध्यापक डा. बाबुराम दवाडी र सदस्यसचिवमा मन्त्रालयका कम्प्युटर इञ्जिनियर सूर्यप्रकाश उपाध्याय रहेका थिए । गत माघ ५ गते गठित समितिले अवधारणापत्रसम्बन्धी प्रतिवेदन तयार पारेर मन्त्रालयमा पेस गरेको छ । प्रतिवेदनले एआईको विकास, प्रयोग र नियमनका लागि सरकारले आवश्यक नीति, कानुन र कार्यविधि बनाउनुपर्ने सुझाव दिएको छ ।

साइबर सुरक्षा, डेटा सुरक्षण र गोपनीयताका विषयलाई नीतिगत तहमा सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याउँदै प्रतिवेदनले एआईसम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, राष्ट्रिय रणनीतिको निर्माण, कानुनी आधारसहित डेटा सुरक्षण रूपरेखा, एआईको प्रयोग र प्रयोगकर्ताको गोपनीयता तथा सुरक्षण समेटिएका नीति र कानुनको अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकूलन हुनेगरी मानक निर्धारण गर्नुपर्ने सुझाव दिएको छ ।

प्रतिवेदनले एकीकृत राष्ट्रिय पोर्टलको विकास गरी एआईसम्बन्धी सूचना आदानप्रदान गर्न एकीकृत संरचनाको निर्माण गर्नुपर्ने, यस विषयमा अनुसन्धान, विकास र उपयोगलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने, एआईको प्रयोगमा गति प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, यसको रूपान्तरणकारी प्रकृतिलाई आर्थिक सामाजिक विकासमा उपभोग गर्न राष्ट्रिय परियोजना एवं क्षेत्रगत पहलको विकास गर्नुपर्ने सुझाव दिइएको मन्त्रालयका उपसचिव एवं अवधारणापत्र तयारी प्राविधिक समितिका सदस्य तिमिल्सिनाले जानकारी दिए ।

'गोपनीयता संरक्षण, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन, एआई प्रयोगको विकास र प्रवर्द्धनलगायत विषयमा अनुसन्धान, लगानी र सहकार्यलाई वृद्धि गर्ने रणनीति लिनुपर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'यसका लागि सम्बन्धित क्षेत्रले आफ्नो नीति, रणनीति र कार्यक्रममा एआई प्रयोगको विकास र प्रवर्द्धनलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।'




विद्यमान जनशक्तिको पहिचान गरी उनीहरूको क्षमता वृद्धि गर्नुपर्नेमा जोड दिँदै सार्वजनिक र निजी क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धतापश्चात् एआई विकास, प्रयोग र प्रवर्द्धनलाई गति दिन सकिने भएकाले यस क्षेत्रमा मानव पुँजी निर्माणमा सबैको ध्यान जानुपर्ने सुझाव प्रतिवेदनमार्फत दिइएको समितिका सदस्य तिमिल्सिनाले बताए ।

रोग निवारण र उपचार, वित्तीय सेवा र विश्लेषण, निर्माण तथा उत्पादन, शिक्षा र विकास, सञ्चार र अनुभव सुधार, सांगठनिक प्रबन्धन, सरकारी सेवा, सामाजिक सुरक्षा, खेलकुद, अनुसन्धान र विकास, कृषि, पर्यटनलगायत क्षेत्रमा एआईको प्रयोग गर्नुपर्ने सुझाव प्रतिवेदनमार्फत दिइएको उनको भनाइ छ । 'नेपालमा आर्टिफिसियल इन्टेलिजेन्स विकासको वर्तमान इकोसिस्टमको अवस्था, प्रवर्द्धनका सम्भावित क्षेत्रहरू, अनुसन्धान र विकासको क्षमता, कार्ययोजनाको मूल्यांकन गर्नुपर्ने हुन्छ,' प्रतिवेदनमा भनिएको छ, 'राष्ट्रिय रणनीतिले स्वास्थ्य सेवा, कृषि, शिक्षा, स्मार्ट सहर एवं पूर्वाधार, स्मार्ट मोबिलिटी र यातायातलगायत प्रमुख क्षेत्रहरू निर्धारण गरी उक्त विषयमा भावी कार्ययोजना तय गर्नुपर्दछ ।'

एआईसम्बन्धी रणनीतिले डेटा र डिजिटल पूर्वाधार, एआई 'स्टार्टअप'लाई गति दिन आर्थिक तथा वित्तीय व्यवस्था, अनुसन्धान र विकास, नैतिकता, डेटा गोपनीयता, सुरक्षा र नियमन, जनशक्तिलाई सीप र क्षमता वृद्धि, प्रविधिको औद्योगिकीकरण तथा क्षेत्रगत पहल समेट्नुपर्ने प्रतिवेदनको सुझाव छ ।

प्राविधिक समितिले एआईको पृष्ठभूमि, अवधारणा, एआई इकोसिस्टम, यसका आधारभूत सिद्धान्त, दृष्टिकोण, उद्देश्य, विद्यमान अवस्था, नीतिगत व्यवस्था, संस्थागत एवं प्रयोगको अवस्था, अन्तर्राष्ट्रिय अभ्यास र रणनीतिलगायत क्षेत्रमा अध्ययन गरेर नेपालले लिनुपर्ने आगामी कार्यदिशा तथा योजना तर्जुमाका विषय प्रतिवेदनमा समेटिएको उपसचिव तिमिल्सिनाले जानकारी दिए ।

उनका अनुसार युरोपेली युनियन, संयुक्त राष्ट्रसंघ, नर्डिक-बाल्टिक क्षेत्र, युएई, भारत, अर्जेन्टिना, अस्ट्रेलिया, ब्राजिल, क्यानडा, चिली, चीन, डेनमार्क, फिनल्याण्ड, फ्रान्स, जर्मनी, इटाली, सिंगापुर, दक्षिण कोरियालगायतले जारी गरेका एआई प्रयोगसम्बन्धी रणनीतिको अध्ययन गरी प्रतिवेदनमा तुलनात्मक विश्लेषण समावेश गरिएको छ । *रासस*


## राहदानी हरायो

मिति २०८१/०२/१३ गते गोंगबुदेखि चक्रपथसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **मनिस खड्का**
राहदानी नं : **PA१७४८३६५**
ठेगाना: **काठमाडौं**
फोन नं : **९८५१०२४३९८**

## सच्याइएको

मिति २०८१/०३/१४ को प्रभाव दैनिकमा प्रकाशित **अररीडाँडा सामुदायिक वन उपभोक्ता समूह**को काठ दाउरा बिक्री वितरणसम्बन्धी २१ दिने सूचनामा चिरान काठ लिलाम बिक्रीसम्बन्धी २१ दिने सूचना र साल जातको ए ग्रेडको चिरान थान ५९५ हुनुपर्नेमा अन्यथा हुनु गएकोले सच्याइएको छ । र दाउरा लिलाम बिक्रीमा नरहेको व्यहोरा अनुरोध छ ।

**अररीडाँडा सामुदायिक वन उपभोक्ता समूह**
कमलामाई न.पा-११, सिन्धुली

## इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

### उपमहानगरपालिकाबासीमा डेंगीबाट बच्ने सम्बन्धी जानकारी मूलक सन्देश

**सुरक्षित रहौं, रोकथाम गरौं, नियन्त्रण गरौं**

### डेंगीका मूख्य लक्षणहरू

- उच्च ज्वरो आउनु
- जोर्नी मांसपेशीहरु बेस्सरी दुख्नु
- आँखाको गेडी दुख्नु
- बेस्सरी टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घरभित्र र वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPEED ROAD LAND TRANSPORT COMPANY IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति: २०८१/०३/१९ | LT No. 307095 | चलानी नं. ६०२२१८६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | My coffee (coffee maker) | 5 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २७ गते (11th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBRAHIM AL FAYAD TRADING
पूर्व स्वीकृति मिति २०८१/०३/१८ | LT. No. 307040 | चलानी नं. ६०२२१८०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equ. Driver | 2 | 0 | 1900 | ६९,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mechanic | 1 | 0 | 1700 | ६२,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २६ गते (10th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 307040 मिति: २०८१/०३/१९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFKAR AL NAHDA INTERNATIONAL CONTRACTING EST.
पुर्व स्वीकृति मिति २०८१/०३/१८ | LT. No. 307080 | चलानी नं.६०२२१८२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 15 | 0 | 1800 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २७ गते (11th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. 267/058/059
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMAK AL ARABIA GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति: २०८१/०३/१८ | LT. No. 307058 | चलानी नं. ६०२२१८४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Offices and Facilities Cleaning Labors | 6 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३० गते (17th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI DRUMS FACTORY COMPANY
पूर्व स्वीकृति मिति २०८१/03/03 | LT. No. 306601 | चलानी नं. ६०२२१३७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 306601 मिति: २०८१/०३/१९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ABDULLAH AL RASHIDI GENERAL CONTRACTING CO.
पुर्व स्वीकृति मिति २०८१/०३/१८ | LT. No. : 307098 | चलानी नं. ६०२२१८४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 15 | 0 | 1800 | ६४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २७ गते (11th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.**
Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## सत्ता–स्वार्थको चपेटामा देश

मुलुकको राजनीतिले फेरि नयाँ मोडमा अघि बढेको छ । संसद्को पहिलो र दोस्रो ठूलो दलबीचको सहकार्यमा नयाँ सरकार बन्ने निश्चित भइसकेको छ। यससँगै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार विघटनउन्मुख भएको छ। सत्ता सहयात्रीमध्ये प्रमुख दल नेकपा एमालेका मन्त्रीहरूले सामूहिक राजीनामा दिँदै उक्त पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । एमाले सरकारबाट बाहिरिएसँगै दाहाल सरकार अल्पमतमा परेको छ। अब राजीनामा दिएर बाहिरिने या ३० दिनसम्म कामचलाउ सरकारको रूपमा सत्ता लम्ब्याउने भन्ने निर्णय प्रधानमन्त्री दाहालले लिनुपर्ने छ । संवैधानिक व्यवस्थाअनुसार सत्ता सहयात्री दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र प्रधानमन्त्रीले संसद्बाट विश्वासको मत लिनुपर्छ। तर, दाहालसँग विश्वासको मतका लागि आवश्यक सांसद संख्या छैन। यद्यपि ३० दिनसम्म कामचलाउ सरकार चलाउने सुविधा उनीसँग छ।

कहिले एमाले त कहिले कांग्रेसको साथ लिएर सत्तामा रहँदै आएका दाहाल अन्ततः सोही दुई दलको सहकार्यमा प्रतिपक्षीय भूमिकामा पुग्ने भएका छन्। रातारात गठबन्धन फेरेर आफ्नो सत्ता टिकाउँदै आएका उनी यसपटक आफैं रातारातको सहमतिको सिकार बनेका छन् । एमाले–कांग्रेसका नेताहरूकै भाषामा दाहालबाट पटक–पटक धोका खाएकाहरूबाट यसपटक दाहाललाई धोका दिएका छन् । माओवादी केन्द्रले कांग्रेस–एमालेको यो सहकार्यलाई अस्वाभाविक भनेको छ । माओवादी नेताहरूले मुलुकलाई फेरि पुरानै व्यवस्थातर्फ फर्काउने षड्यन्त्रस्वरूप नयाँ गठबन्धन बनेको बताइरहेका छन् ।

यता एमाले–कांग्रेसका नेताहरूले भने मुलुकको आवश्यकता अहिले प्रमुख दलहरूबीचको सहकार्य भएकोले यो सहकार्य बनेको दाबी गरिरहेका छन् । यी दुई पार्टीले सबै दललाई साथमा लिएर राष्ट्रिय सहमतिको सरकार बनाउने बताएका छन् । दलका नेताहरू जहिले पनि आफ्नो स्वार्थअनुकूलको तर्क गर्ने गरेका छन्। अहिले पनि त्यो लुकेको छैन। अहिले जुन स्वार्थले कांग्रेस–एमालेबीच सहकार्य बनेको छ, त्यो प्रस्टै बुझिन्छ। दलका नेताहरूलाई मुलुक बनाउनेभन्दा पनि सत्तामा रमाउने बानी परिसकेको छ। सत्ताबाहिर हुनेबित्तिकै छटपटिने गरेको उनीहरूको व्यवहारबाटै प्रस्ट हुन्छ।

मुलुक लामो समयदेखि अस्थिरताको भुमरीमा फसेको छ । गत चुनावमा दलहरूले स्थिर सरकारको नारा लिएर जनतालाई मत मागेका थिए । तर, चुनाव जितेर आएपछि फेरि सत्ताको खेलमै दलहरूले समय बिताए। आफ्नो वाचा बिर्सिए। जसरी पनि सत्तामै रहने दाउपेचकै कारण सरकार अस्थिर बनिरह्यो। फेरि एकपटक यस्तै नियति दोहोरिएको छ। दाहाल सरकारलाई ढालेर डेढ वर्षका लागि केपी ओली र अर्को डेढ वर्ष शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने सहमति आफैंमा स्वार्थयुक्त छ। समृद्धिको नारा बेचेर सत्ताको खेलमा रमाइरहने यी नेताहरूबाट आशा के राख्नु ?

### मनन्योग्य

## विदुर नीति

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए। त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ।ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन्। पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन्। काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्तकहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन्।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन्। यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ। दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ। वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ। साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन्। यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयंकर रूपको देख्दछ। वास्तवमा यमराज ज्यादै नै सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन्।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ। उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन्। उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसँग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे। आफू पनि मन, वचन र कर्मले भगवानुको भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

क्रमशः

# मनसुनसँगै रोगहरूको उच्च जोखिम



■ डा. प्रकाश बुढाथोकी

मनसुन सुरु भएको एक हप्ता भइसकेको छ। निरन्तर दोहोरिने तथा जलवायु परिवर्तनबाट हुने असरको प्राकृतिक विपद् जोखिमले नेपाल विश्वमै अग्रस्थानमा छ। उत्तरबाट दक्षिणतर्फ बहने खोलानाला र खहरेले बाढी, पहिरो, डुबान, हिमपहिरो तथा हिमताल विष्फोटन, चटचाङ, डढेलो, आगलागीजस्ता प्राकृतिक विपद् बर्सेनि दोहोरिने गरेका छन्। भूकम्पीय जोखिमका हिसाबले नेपाल ११औं, जल उत्पन्न प्रकोपमा ३०औं, जलवायु परिवर्तनको असरले हुने बाढी, खडेरी र पहिरोमा चौथो र हरितगृह ग्यास उत्सर्जनका हिसाबले १०९औं स्थानमा पर्दछ। त्यसैमा पछिल्लो समयमा अध्ययन, अनुसन्धान र वातावरणीय प्रभाव विश्लेषणविना खनिएका सडक संरचनाले थप मलजल गरेका छन्। विपद्बाट कुल गार्हस्थ उत्पादनमा वार्षिक तीनदेखि पाँच प्रतिशत ह्राससँगै आर्थिक नोक्सानी भइरहेको छ।

गत वर्ष विपद्का घटना ७६९ हुँदा ६३ जनाको मृत्यु, ६९ घाइते तथा ३० बेपत्ता भएको तथ्यांक छ। यस वर्ष जल तथा मौसम विज्ञान विभागले सरदरभन्दा ३५ देखि ४५ प्रतिशत बढी वर्षा हुने अनुमान गरेको छ। मनसुनजन्य विपद्बाट करिब १८ लाख जनसंख्या र चार लाख १२ हजार घरधुरी प्रभावित तथा ८३ हजार घरमा क्षति पुग्ने आकलन छ। मनसुन गत जेठ २८ गते भित्रिएपछि विपद्का १४७ घटनाबाट ३३ जिल्ला प्रभावित भई २८ जनाको ज्यान गइसकेको छ।

मनसुनको सुरु भएसँगै बाढी, पहिरो, डुबान र चटचाङले देशभर ठूलो क्षति पुर्‍याइरहेको छ। हरेक दिन मृत्यु, घाइते र बिरामीहरूको तथ्यांक आइरहेका छन्। कोशी प्रदेशबाट सुरु भएको क्षति कर्णाली र सुदूरपश्चिम प्रदेश पुगिसकेको छ। ३३ बढी जिल्ला प्रभावित, ३० भन्दा बढीको मृत्यु तथा हजारौं परिवार प्रभावित र भएका छन्। सुरुमै भएको क्षतिले चुनौतीपूर्ण भविष्यको संकेत गरेको छ।

### विपद्ले ल्याउने स्वास्थ्य समस्या

वर्षात्को समयमा आउने बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिसँगै सबै अस्पतालका निर्देशकहरूले उपलब्ध गराएको जानकारीमा गर्मीपछि वर्षात्को समयमा सबैभन्दा बढी झाडापखाला, हैजा, डेंगु, टाइफाइड, भाइरल, जण्डिस, हेपाटाइटिस ए र ई, आउँ, निमोनिया, औलो, कालाजार, ज्वरो, स्क्रब टाइफस, रुघाखोकी, छालाको समस्या, पेटको संक्रमण, जुका, आँखा पाक्ने, लेप्टोस्पाइरोसिसजस्ता बिरामी देखिने गर्दछन्। अर्थात् दूषित खाना र पानी, लामखुट्टे, झिँगा, किराफटचांग्रा, फोहोर तथा हिलोका कारण हुने संक्रमण विशेषतः बढी देखिन्छ। परेको वर्षाले ट्याँकी वरिपरि मानिस, जनावर, पक्षीको बिष्ठा, ढकन नभएको, फोहोरसहितको भेल मुहानमा परी प्रदूषित पानी, सिनो मासु, खोलानालाको प्रदूषित पानी सेवनले रोग लाग्दा जण्डिसलगायतका रोगहरूबाट मानिसहरू बिरामी पर्दछन्। गर्भवतीलाई अस्वस्थता हुँदा थप जटिलता र गर्भपतनसम्म भएको पाइन्छ।

बढ्दो वर्षासँगै विभिन्न किटाणु, जीवाणु, विषाणुजन्य सरुवा र संक्रमणहरू टाइफाइड, झाडावान्ता, भाइरल फ्लु, पेटको दुखाइ, रुघाखोकी, श्वासप्रश्वास संक्रमण, जण्डिस, हेपाटाइटिस ए, आँखा सुक्खा, चिलाउने तथा आँखाको संक्रमण, जनावरले टोकेर हुने बिरामीहरू बढ्दै छन्। यसबाहेक तराईमा सर्पदंश, उच्च ज्वरो, छालाको रोग, बढी पसिना जाँदा शरीरमा हुने पानी अभावको कारण जल वियोजन, पिसाब र मिर्गौलामा समस्या र लू बढ्दै छ। जार तथा बोतलको पानी सेवन गर्नेमा पनि त्यत्तिकै समस्या छ। दूषित खाना, पानी, सरसफाइको अभाव, फोहोर हात, भाडाकुँडा, झिँगा, लामखुट्टे, साङ्ला, किराफटचांग्रा तथा बासी, सडेगलेका फोहोर खानेकुरा, फोहोर बानी व्यहोरा र फोहोर पानीको प्रयोग नै यस समयको रोग लाग्ने मुख्य कारण हो।

यस मौसममा हुने सरुवा रोगहरू केही श्वासप्रश्वास र धेरैजसो पाचन प्रणालीसँग सम्बन्धित हुन्छन्। करिब १०० भन्दा बढी भाइरस प्रमुखतया इन्फ्लुएन्जा विषाणुद्वारा हुने संक्रामक रोग रुघाखोकी लागेकालाई सामान्य बिरामीको रूपमा लिइन्छ। यसमा घाँटी खस्खसाउने, श्वास फेर्न अप्ठेरो हुने, पातलो सिँगान बग्ने, ज्वरो आउनुको साथै शरीर दुख्छ। प्रत्यक्ष सम्पर्कबाट र हावाबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले ज्यादा भीडभाड हुने स्थान बस, फिल्महल, विद्यालय र जात्रामा बिरामीले खोक्दा, बोल्दा, हाछ्युँ गर्दा छिटै सर्दछ।

### पानीजन्य रोगहरू

रोगका किटाणु पानीको मुहानमा परे सर्ने सरुवा रोगमा झाडापखाला, हैजा, रगतमासी, जुकाहरू, पोलियो, जियारडियासिस, अमिबियासिस, आउँ, टाइफाइड, जण्डिसलगायत २० वटा सरुवा रोगहरू पर्दछन्। वर्षायाममा विशेषगरी काँचो र नपाकेको मासु, बासी खाना, खाना बढी खाने, पचाउन नसकिने चिल्लो खाद्यपदार्थले खाना विषाक्तता हुन्छ। बिरामीलाई वान्ता हुने, पखाला लाग्ने, ज्वरो आउने हुन्छ। त्यसैगरी झिँगा भन्किएको र फोहोर खानेकुरा खाँदा भिब्रियो कोलेरा ब्याक्टेरियाले आन्द्रामा संक्रमण गर्छ र तीव्र संक्रमण हैजा लाग्छ। हैजा लागेपछि धेरैपटक चौलानी पानीजस्तो पातलो दिसा र वान्ता एकैपटक लागिरहन्छ। त्यसले तीव्रगतिमा जलहरण गरी बिरामी शिथिल अवस्थामा पुग्छ।

पटक-पटक पातलो दिसा (तीन पटकभन्दा बढी) हुनुलाई झाडापखाला भनिन्छ। यसले शरीरमा भएको पानी र लवणको मात्रालाई तुरुन्तै कम गर्ने भएकाले शरीरमा विभिन्न किसिमका जलविनियोजनसम्बन्धी स्वास्थ्य समस्याहरू देखा पर्दछन्। वान्ता र पखालासँगै भयो भने स्वास्थ्यका दृष्टिले खतरनाक मानिन्छ। सरसफाइको कमी, चर्पीको राम्रो व्यवस्था नभएको, शुद्ध खानेपानीको अभाव, झिँगा र अन्य किराफटचांग्राको बढी प्रकोप भएको ठाउँमा बढी देखिने संक्रामक रोग टाइफाइड हो। झिँगा, संक्रमित माटो र फोहोर हातले खानेकुरा बनाउँदा रोग सर्न सक्दछ। यसमा ज्वरो बेस्सरी आउँछ, पाचन प्रणालीसँग सम्बन्धित लक्षण देखिन्छ। नेपालीमा म्यादी ज्वरो भनिने रोग टाइफाइड तथा पाराटाइफाइड ब्याक्टेरिया जीवाणुबाट लाग्छ। बिरामीको दिसापिसाबबाट दूषित हुन गएको पिउने पानी तथा खानाबाट यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ।

टाइफाइडमा सुरुमा रोग रुघाखोकी जिउ तथा टाउको दुख्ने लक्षणबाट सुरु हुन्छ। त्यसपछि विस्तारै टाउकोको अगाडिको भाग दुख्ने, ज्वरो आउने आदि हुन्छ। ज्वरो बेलुकीपख बढ्छ र हरेक दिन केही ज्वरो बढ्दै जान्छ। बिरामीको ज्वरो कुनै बेला घट्ने र कुनै बेला बढ्ने पनि हुन सक्छ तर साधारण अवस्थामा आउँदैन। बिरामीलाई भोक नलाग्ने र विस्तारै सिकिस्त हुँदै जान्छ। ज्वरो बढ्नुको अनुपातमा नाडीको गति कम हुनु, कहिलेकाहीं वान्ता आउनु, काँचो केराउको झोलजस्तो पखाला लाग्नु वा दिसा कब्जियत हुनु आदि पनि हुन्छ। यस्ता लक्षणहरू एक हप्तासम्म देखा पर्दछन्। दोस्रो हप्तामा ज्वरो बढी आउने र नाडीको गति अझ कम पनि हुनसक्छ। शरीरको प्रायः सबै भागमा र मुख्यगरी पेटमा गुलाबी दाना आउने, शरीर कम्पन हुने र बिरामी बेहोस पनि हुनसक्छ। कलेजो र फियो सुन्निन सक्छ।

वर्षायाममा पानीकै कारणले मात्र लाग्ने हेपाटाइटिस 'ए' भाइरसद्वारा संक्रमित भई ज्वरो आउने, जाडो हुने, टाउको दुख्ने, थकान महसुस हुनेजस्ता लक्षण देखापर्न सक्छ। एकपटक हेपाटाइटिस 'ए'को उपचार गरेपछि पुनः देखापर्दैन। हिजोआज पहिले गर्भवती महिलामा मात्र बढी देखिने हेपाटाइटिस 'ई' पुरुषमा पनि बढ्दो छ। यसमा बिरामीको कलेजो सुनिन्छ। उपरोक्त दुवै हेपाटाइटिस दूषित पानी र खानाबाट सर्दछ। काँचो फलफूल र मासुबाट सर्ने विभिन्न किसिमका जुका पनि यो समयमा देखिन्छ।

### लामखुट्टेजन्य रोगहरू

वर्षायाममा लामखुट्टे लाग्दा र टोक्दा उच्च र तीव्र ज्वरो हुने डेंगु, औलो, फिलेरिया, इन्सेफलाइटिस, मेनिन्जाइटिस हुने सम्भावना रहन्छ। त्यसैगरी सैण्डफलाइले बिरामीको छाला कालो हुने, कलेजो सुन्निने, कालाजर लगाउँछ। लामखुट्टेजन्य रोगबाट बच्न लामखुट्टेको विकास र जीवनचक्र पूरा हुन दिनु हुँदैन जसका लागि लामखुट्टेको टोकाइबाट मानिस जोगिनुपर्दछ।

वर्षायाममा सर्पदंशको समस्या पनि निकै हुने गर्दछ। सर्पले टोकेको ठाउँमा दुई दाँतको गहिरो निसान देखिन्छ। केही क्षणमै उक्त ठाउँमा फोका उठ्न थाल्दछ, दुख्छ र सुनिन्छ। रगत अलिक लामो समयसम्म आइरहन्छ। पीडितलाई वाकवाकी लाग्छ, मुखबाट र्‍याल निक्लन्छ, डर त्रासले उत्तेजित हुन्छ, ओँठ र मुख सुख्छ, तिर्खा लाग्छ, मुटुको धड्कन बढ्छ भने आँखीभौं, परेला तल झर्छ। खान निल्न पनि समस्या हुन्छ। बोल्दा जिब्रो लर्बराउने, हिँड्दा खुट्टा लडखडाउने र समय बित्दै जाँदा आँखाले एउटा वस्तुको दुई छाया देख्ने, आँखा खोल्न गाह्रो हुने गर्दछ। बिरामीलाई श्वास लिन समस्या हुन्छ भने पक्षघात देखिने र तीनदेखि छ घण्टापछि पिसाव रातो भएर आउँछ। विषालु सर्पले टोकेपछि मानिसको श्वासप्रश्वासमा अवरोध भई, मांसपेशीमा पक्षघात भई, रक्तचाप ज्यादै न्यून भई अचेत हुन जान्छ र मृत्यु हुन्छ। तर व्यवहारमा ६० प्रतिशतजति सर्पदंशमा या त सर्प विषालु हुँदैन या विष टोकेको स्थानमा नपर्ने तथा परे पनि कम भएको पाइने गरेको छ।

मानिस जति आतिन्छ, त्यति रक्तसञ्चार बढ्छ र विष छिटो शरीरमा फैलिन्छ। विषविहीन सर्पले टोक्दा पनि मानिस आत्तिने गर्दा हृदयाघात, छिटोछिटो सास फेर्ने, टोकेको ठाउँमा घोचेजस्तो हुने, टोकेको ठाउँ वरपर सुन्निने, रक्तश्राव, निलो, फोका उठ्ने, संक्रमण तथा नेक्रोसिस, कुहिने, हातखुट्टा बाउडिने वा नचल्ने, बेहोस हुनेजस्ता लक्षण देखिन्छन्।

टोकेको ठाउँदेखि शरीरमा विष फैलन नदिन सर्पले टोकेको खुट्टा वा हात चल्न नदिने गर्नुपर्छ। टोकेको ठाउँदेखि दुई-तीन इन्चमाथि मुटुतिर अलग-अलग तीन ठाउँमा ब्याण्डेज, डोरी, रुमाल बाँध्ने र एउटा औला पट्टीभित्र मुस्किलले छिर्न सक्ने गरी बाँध्ने तर प्रत्येक १५ मिनेटमा आधा मिनेट डोरी खोली रक्तसञ्चार हुन दिनुपर्दछ। यदि अस्पताल वा स्वास्थ्य संस्था धेरै टाढा भएमा वा त्यहाँसम्म पुग्न तीन घण्टाभन्दा बढी समय लाग्ने अवस्था भएमा तत्कालका लागि प्राथमिक उपचार गरेर मात्र व्यक्तिलाई अस्पतालतिर लानुपर्दछ।

### मनसुनजन्य विपद् तयारी र प्रतिकार्य

उच्च जोखिममा फलाइङ स्क्काड तयारी, खोज, उद्धार र राहतका लागि स्रोतसाधनको व्यवस्थापन गरिएको छ। देशका ३४ स्थानमा चेतावनीमूलक साइरन प्रणाली जडान भएको र थप १५ स्थानमा गरिँदै छ। नेपाली सेनाले १० हजार ८४७, नेपाल प्रहरीले १० हजार ५५८ र सशस्त्र प्रहरी बलले नौ हजार ९२४ सुरक्षाकर्मीहरू विपद् प्रतिकार्यका लागि तयारीमा छन्। सेनाले इटहरी, सुर्खेत र काठमाडौंमा हेलिकप्टर तैनाथ राखेको छ। बेलीब्रिज, बोटजस्ता आपत्कालीन सामान रणनीतिक स्थानहरूमा राखिएका छन्। कमाण्ड पोस्ट खडा गरिएको छ। त्यसैगरी प्रदेश, जिल्ला र स्थानीय तहमा तयारी अवस्थामा रहनेगरी प्रतिकार्य भइरहेको छ।

पूर्वतयारीसम्बन्धी क्रियाकलापहरूका बारेमा सूची बनाई तयारी मन्त्रालयले गरिसकेको छ भने प्रतिकार्यसम्बन्धी सूचीकृत मुख्य क्रियाकलापहरूमा विपद्को असरको आधारमा संघीय तथा प्रादेशिक तहका स्वास्थ्य विषयगत क्षेत्र सक्रिय बनाउने, स्वास्थ्य क्षेत्रको द्रुत लेखाजोखा गर्ने, तथा सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सन्देशमूलक सूचना र सचेतना अभिवृद्धिमा जोड दिनु रहेका छन्। त्यस्तै प्रभावित स्थानमा द्रुत प्रतिकार्य टोली परिचालन, आकस्मिक चिकित्सकीय टोली परिचालन, हैजा, डेंगुका किट, खोप, औषधिजन्य सामग्रीको व्यवस्था, एम्बुलेन्सको परिचालन, बिरामी तथा घाइतेको व्यवस्थापन, नमूना परीक्षण, शव व्यवस्थापन, भेक्टर नियन्त्रण, महामारीको उपचार, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, मनोसामाजिक नसर्ने तथा सर्ने रोगहरूको नियमितता, घुम्ती स्वास्थ्य सेवा गर्नेगरी प्रतिकार्य काम भइरहेका छन्। त्यस्तै हटलाइनहरू पनि सञ्चालनमा छन्।

अन्त्यमा रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस हुन्छ। जुनसुकै उमेर, वर्ग र तप्काका मानिसले स्वास्थ्यप्रति सचेत हुनुपर्छ। उमालेको पानीको प्रयोग गर्नुका साथै खाना खानुअघि र पछि साबुनपानीले हात धुनुपर्दछ। जथाभावी दिसापिसाब नगर्ने, बासी सडेगलेका र अपच हुनेगरी खुला ठाउँमा राखिएका खाना खानु हुँदैन। व्यक्तिगत सरसफाइ र घर वरपरको वातावरण सफा राख्नुपर्दछ। *रासस*

*(लेखक केन्द्रीय कारागार अस्पतालका प्रमुख तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन्)*

बढ्दो वर्षासँगै विभिन्न किटाणु, जीवाणु, विषाणुजन्य सरूवा र संक्रमणहरु टाइफाइड, झाडावान्ता, भाइरल फ्लु, पेटको दुखाइ, रूघाखोकी, श्वासप्रश्वास संक्रमण, जण्डिस, हेपाटाइटिस ए, आँखा सुक्खा, चिलाउने तथा आँखाको संक्रमण, जनावरले टोकेर हुने बिरामीहरु बढ्दै छन् । यसबाहेक तराईमा सर्पदंश, उच्च ज्वरो, छालाको रोग, बढी पसिना जाँदा शरीरमा हुने पानी अभावको कारण जल वियोजन, पिसाब र मिर्गौलामा समस्या र लू बढ्दै छ । जार तथा बोतलको पानी सेवन गर्नेमा पनि त्यत्तिकै समस्या छ । दूषित खाना, पानी, सरसफाइको अभाव, फोहोर हात, भाडाकुँडा, झिँगा, लामखुट्टे, साङ्ला, किराफट्यांग्रा तथा बासी, सडेगलेका फोहोर खानेकुरा, फोहोर बानी व्यहोरा र फोहोर पानीको प्रयोग नै यस समयको रोग लाग्ने मुख्य कारण हो ।

रोगका किटाणु पानीको मुहानमा परे सर्ने सरुवा रोगमा झाडापखाला, हैजा, रगतमासी, जुकाहरू, पोलियो, जियारडियासिस, अमिबियासिस, आउँ, टाइफाइड, जण्डिसलगायत २० वटा सरुवा रोगहरू पर्दछन् । वर्षायाममा विशेषगरी काँचो र नपाकेको मासु, बासी खाना, खाना बढी खाने, पचाउन नसकिने चिल्लो खाद्यपदार्थले खाना विषाक्तता हुन्छ । बिरामीलाई वान्ता हुने, पखाला लाग्ने, ज्वरो आउने हुन्छ । त्यसैगरी झिँगा भन्किएको र फोहोर खानेकुरा खाँदा भिब्रियो कोलेरा ब्याक्टेरियाले आन्द्रामा संक्रमण गर्छ र तीव्र संक्रमण हैजा लाग्छ ।

# म्याग्दी नदीको कटान रोक्न मंगलाघाटमा पर्खाल निर्माण



**म्याग्दी–** बेनी नगरपालिका-७ मंगलाघाटमा म्याग्दी नदीको कटान र बाढी नियन्त्रणका लागि १२ करोड रूपैयाँभन्दा बढी लागतमा पक्की पर्खाल निर्माण भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको रूपाताल संरक्षण एकीकृत विकास परियोजनाले मंगलाघाटस्थित म्याग्दी नदीको किनारमा कम्पोजित प्रविधिको पर्खाल निर्माण गरेको हो । निर्माण कम्पनी सुप्रिम कन्ट्रक्सनका सञ्चालक सुरेश खड्काले दुईवटा प्याकेजमा २६२ मिटर लामो कम्पोजित प्रविधिको पर्खाल निर्माण भएको जानकारी दिए ।

'कम्पोजित पर्खाल निर्माण गर्ने काम सकिएको छ,' उनले भने, 'पर्खालको पछाडितर्फ माटो राखेर फिलिङ गर्न सुरु भएको योजनाको ९५ प्रतिशत भौतिक प्रगति भएको छ ।' सो योजनाका लागि २०७९ फागुनमा १२ करोड ३७ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । अठार महिनाको ठेक्का अवधि भएको योजना निर्धारित समयमै सकिए पनि भुक्तानी नपाएको सञ्चालक खड्काले गुनासो गरेका छन् ।

खोलाको सतहदेखि दुई मिटर तलसम्म जग खनेर चार मिटर चौडाइको आरसिसी र माथिल्लो भागमा ग्याबियन भरेर पर्खाल बनाइएको परियोजनाका इञ्जिनियर नरजंग गुरुङले बताए । बेनी बजारको पश्चिमी भागमा रहेको मंगलाघाटमा २०० भन्दा बढी घर, सरकारी कार्यालय र कर्मचारी आवास भवन छन् ।

मंगलाघाटस्थित म्याग्दी नदी किनारमा यसअघि करिब ४०० मिटर पक्की पर्खाल निर्माण भएको थियो । परियोजनामार्फत करिब ४८ करोड रूपैयाँ लागतमा सञ्चालित सातवटा ठेक्काको योजना सम्पन्न हुने चरणमा छन् । भसभसे पहिरो र कटान नियन्त्रण योजनाको काम गत वर्ष नै सकिएको थियो ।

परियोजनाका प्रमुख कालीबहादुर शाहीले ९० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएका योजनाको ठेक्का टुंग्याउने प्रक्रिया अघि बढाएको बताए । बेनी बजार, गलेश्वर क्षेत्र, राममन्दिर र पर्वत बेनी आसपासका बस्तीलाई संरक्षण गर्न म्याग्दी नदी किनारमा तीन र कालीगण्डकीमा पाँच ठाउँमा कटान नियन्त्रण गर्ने संरचना निर्माण गरिएको हो ।

म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको बेनी बजारलाई सरकारले नदी कटानका हिसाबले जोखिमयुक्त जिल्ला सदरमुकामको सूचीमा राखेको छ । परियोजनाले बेनी बजार र आसपासका बस्तीमा कटान नियन्त्रणका लागि गत वर्ष एक अर्ब १९ करोड रूपैयाँको विस्तृत परियोजना प्रतिवेदन तयार पारेर स्वीकृत गराएको थियो ।

बेनी नगरपालिका-४ सिंगा तातोपानी बजार संरक्षणका लागि परियोजनामार्फत काम गर्न आगामी आर्थिक वर्षमा बजेट प्रस्ताव गरिएको छ । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले परियोजनामार्फत कालीगण्डकी र म्याग्दी नदी किनारमा कटान नियन्त्रणका लागि स्वीकृत डिपिआरअनुसार थप बजेट व्यवस्थापन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालयमा पहल गरिएको बताए । *रासस*

# मकवानपुरमा ३३ हजार बिरामीले लिए आयुर्वेद सेवा

**मनहरी–** आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरबाट चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्म करिब ३३ हजार बिरामीले आयुर्वेद सेवा लिएका छन् ।

कार्यालय प्रमुख डा. ललिता पाण्डेले मकवानपुरमा त्यस अवधिमा ३२ हजार ९९१ जनाले सेवा लिएका जानकारी दिइन् । उनले पाँचवटा नागरिक आरोग्य सेवा केन्द्र र तीनवटा औषधालयबाट सेवा दिइएको बताइन् । 'कार्यालयमै आएर १७ हजार ६८०, हटिया आयुर्वेद औषधालयबाट दुई हजार २३९, चुरियामाईबाट एक हजार ३८०, काँकडाबाट दुई हजार ३०० र नागरिक आरोग्य सेवा केन्द्रबाट नौ हजार ३९२ जनाले सेवा लिएका छन्,' डा. पाण्डेले भनिन् ।

चिकित्सालयले चालु आर्थिक वर्ष २०८०/८१ मा महिला स्वयंसेविकालाई आयुर्वेदसम्बन्धी सचेतना, मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम, पथ्याहार, एक जिल्ला एक जडीबुटी उद्यान निर्माण, पूर्वकर्म–पञ्चकर्म कार्यक्रम, विद्यालय आयुर्वेद तथा योग शिक्षालगायत कार्यक्रम सञ्चालन गरेको थियो । चिकित्सालयले बहिरंग सेवा, निःशुल्क औषधि वितरण, सशुल्क फार्मेसी सञ्चालन, पूर्वकर्म, पञ्चकर्म सेवा, निःशुल्क योग परामर्श, पथ्यआहार कार्यक्रम, ज्येष्ठ नागरिक तथा अकुपञ्चरलगायत सेवा प्रदान गर्दै आइरहेको छ । चिकित्सालयबाट २३ थरीका औषधि निःशुल्क रूपमा वितरण भइरहेका छन् । *रासस*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/२० गते)

श्री केशवानन्द बज्राचार्यको नाति, श्री शर्वानन्द बज्राचार्यको छोरा, काठमाण्डौं महानगरपालिका वडा नं २७ (साविक वडा नं ३०) असन घर भई हाल काठमाडौं महानगरपालिका वडा नं १३ ताहाचल बस्ने विश्वमान बज्राचार्यको मिति २०८०।०७।११ मा मृत्यु भएकोले निज तथा निजको श्रीमतिको नाममा यस बैंकको बागबजार शाखामा रहेको संयुक्त बचत खाता श्री विश्वमान, मैत्रा बज्राचार्यको खाता नं २०४०१८४०६१३००००१ र बाफल शाखामा रहेको मुद्दति खाता नं १९३०१८४०६१३००००२ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज विश्वमान बज्राचार्यको श्रीमति मैत्रा बज्राचार्यले यस बैंकको बागबजार शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कले कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं ०१-५३६४९९१


## अधिकृत वारेशनामा बदर गरिएको बारेको सूचना

